# आर्थिक वर्ष २०७५-७६ को
# आर्थिक ऐन एवं बजेटका लागि
# नेपाल उद्योग वाणिज्य महासंघको सुझाव

२०७५ जेष्ठ ४ गते, शुक्रबार

१. उद्योग

- दर्ता
- जग्गा
- बन तथा वातावरण
- वित्तीय व्यवस्थापन
- विद्युत
- कर
- ऐन नियम
- अन्य

२. निर्यात / आयात प्रतिस्थापन

३. व्यापार

४. सेवा

- पर्यटन
- शिक्षा तथा स्वास्थ्य
- सूचना प्रविधी

५. कृषि

६. उर्जा

७. संघीयतामा कर प्रशासन

८. कर तथा राजस्व

९. कर सम्बन्धी न्यायीक प्रणाली

# १. उद्योग

## दर्ता :

- कम्पनी तथा फर्मको दर्ता शुल्क पूँजीको आधार भन्दा कम्पनीको प्रकृतिको ( प्रा.ली./ पब्लिक) आधारमा हुनुपर्ने ।
- जरिवाना पूँजीको आधार भन्दा नबुझ्फाएको विवरणको महत्वको आधारमा हुनुपर्ने ।
- घरेलु तथा साना उद्योगमा दर्ता भएका फर्महरुको नविकरण वा खारेजी न्यून जरिवाना लिई गरिदिनुपर्ने । साथै वाणिज्य विभागमा दर्ता भएका फर्महरु पनि सोही अनुसार हुनुपर्ने ।
- VAT खारेजी र अन्तःशुल्क नविकरण वा खारेजी न्यून जरिवाना लिई गरिदिनुपर्ने ।

# १. उद्योग

## जग्गा :

- उद्योगको धेरै समय जग्गा प्राप्तीमा खर्चहुने, जग्गापनि महंगो हुन गएकोले सरकारबाट जग्गा उपलब्ध गराउन औद्योगिक क्षेत्रहरु बृद्धि गर्ने  वा सरकारले जग्गा उपलब्ध गराइदिने ।
- जग्गाको हदबन्दी उद्योगहरुको हकमा लागु हुन नहुने ।
- उद्योग लागि Industrial Cluster हरु प्रवर्द्धन गर्ने ।
- हाल भैरहेका औद्योगिक कोरिडोरहरुलाई Zoning गरी जग्गाको अतिक्रमण नहुने गरी औद्योगिक क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने ।
- निजी क्षेत्रलाई समेत औद्योगिक क्षेत्रहरु प्रवर्द्धन गर्न प्रोत्साहिन गरिनुपर्ने ।

# १. उद्योग

## बन तथा वातावरण :

- हाल EIA तथा IEE मा धेरै समय खेरजाने भएकोले सो व्यवस्थालाई छिटो छरितो बनाउन आवश्यक कानूनी व्यवस्था गरिनुपर्ने ।

- बन क्षेत्रमा स्थापना हुने उद्योगको हकमा दोहारो तेहेरो शुल्क बुझाउन पर्ने । जस्तै : रोयल्टि, नाफाको एक प्रतिशत, १ रुख = २५ रुख लगाउनु पर्ने र आफूले प्रयोग गरे बराबारको जग्गा बन मन्त्रालयको नाममा खरिद गरिदिनुपर्ने अव्यवहारिक भएको ।

# १. उद्योग

## वित्तीय व्यवस्थापन :

- निश्चित ब्याजदरमा उद्योगहरुलाई Project Financing को आधारमा ऋण प्रदान हुने व्यवस्था हुनुपर्ने ।
- ऋणको ब्याजदरमा अनावश्यक उतार चढाव हुन नदिन आवश्यक व्यवस्था हुनुपर्ने ।
- बैंकहरुको हालको Spread rate लाई घटाइनुपर्ने ।
- उत्पादनशिल उद्योग र निकासीको लागि पूर्नकर्जाको रकम बृद्धि गरि रु १०० अर्ब गरिनुपर्ने । साथै, पूर्नकर्जाको समयावधि बृद्धि गरिनुपर्ने । बाणिज्य बैंकहरुले भारतीय रुपैयाँमा ऋण लिनसक्ने व्यवस्था हुनुपर्ने ।

*क्रमश...*

# १. उद्योग

विद्युत :

- विद्युत प्रवाहको गुणस्तर र बिच बिचमा हुने अवरोधहरु सुधार हुनुपर्नें ।
- उद्योगहरुलाई क्षमता बृद्धि एवं नयाँ जडान निर्वाध र सजिलो हुनुपर्नें ।
- एक मेगा वाट भन्दा बढी क्षमताको प्रयोग भएका जेनेरेटर उत्पादक कम्पनीबाट पैठारी गर्न सक्ने व्यवस्था हुनुपर्नें ।

# १. उद्योग

कर :

- औद्योगिक व्यवसाय ऐनमा व्यवस्था गरिएका छुट सुबिधाहरु त्त तत् राजस्व सम्बन्धी ऐनहरुमा व्यवस्था गरी मिलान गरिनु पर्ने ।
- तद्अनुसार धेरै औद्योगिक उत्पादनहरुको तयारी भन्दा कच्चा पदार्थमा भन्सार दरहरु बढी र समान भएकोहरु लाई कच्चापदार्थमा एक कम्तिमा एक तह कम हुनेगरी मिलान गरिनु पर्ने ।

# १. उद्योग

ऐन नियम :

- औद्योगिक व्यवसाय ऐन, श्रम ऐनको नियमावली ल्याइनु पर्ने ।
- कालो बजारी ऐन, FITTA, पेटेन्ट, डिजाइन, ट्रेडमार्क ऐन जस्ता उद्योग व्यवसय संग सम्बन्धित ऐनहरुलाई समय सापेक्ष संसोधन परिमार्जन गरिनु पर्ने ।
- ऐनहरुमा भएको दण्ड जरिवानालाई कम गरि ऐन नियमको परिपालना अभिबृद्धि गरिनुपर्ने ।
- आर्थिक कसुरका लागि कैद सजायको व्यवस्था हुन नहुने ।

# १. उद्योग

ऐन नियम :

- Secured Transaction Act को व्यवस्था बैंकहरुको लागि नभइ उद्योग व्यवसायको लागि हो भन्ने बुझि सो को प्रकृयाहरुलाई सहज बनाइनु पर्ने ।

- Antidumping ऐन ल्याइनु पर्ने ।

- ५० प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तन हुंदा सम्पत्ति र दायित्वको मूल्यांकंन गर्नु पर्ने व्यवस्था खारेज हुनु पर्ने । सञ्चित नोक्सानी कट्टा गर्न पाउनु पर्ने । (आयकर ऐन २०५८ को दफा ५७)

- सामाजिक, परोपकार तथा CSR का क्षेत्रहरुमा औद्योगिक व्यवसाय ऐन अनुसार उद्योग व्यवसायबाट भएको खर्च पुरै कट्टी गर्न पाउने व्यवस्था हुनुपर्ने ।

# १. उद्योग

अन्य :

- सार्वजनिक निकायले स्वदेशी बस्तु १५ प्रतिशत महंगो भए पनि खरिद गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्ने ।
- सार्वजनिक बिदाहरु घटाएकामो धन्यवाद दिदै सार्वजनिक बिदा बढीमा १४ दिनमा सिमित गर्नु पर्ने ।
- सार्वजनिक निकायले स्वदेशी बस्तु १५ प्रतिशत महंगो भए पनि खरिद गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्ने ।
- सार्वजनिक बिदाहरु घटाईको धन्यवाद दिदै सार्वजनिक बिदा बढीमा १४ दिनमा सिमित गर्नु पर्ने ।

# १. उद्योग

अन्य :

• रुग्ण उद्योगको पुर्नस्थापनाको लागि वित्तीय प्योकज एवं सहुलियत प्रदान गर्न सिघ्र आयोग गठन गरिनुपर्ने ।

• काठमाडौं उपत्यकामा आधुनिक सुविधा सम्पन्न प्रदर्शनी स्थल निर्माण गरिनु पर्ने । साथै, सबै प्रदेशमा समेत प्रदर्शनि स्थलको निर्माण गरिनु पर्ने ।

# २. निर्यात / आयात प्रतिस्थापन

- नगद अनुदान निर्यातमा १० प्रतिशत हुनुपर्ने तथा सो भारत निर्यात गर्दा समेत प्राप्त हुने व्यवस्था हुनुपर्ने ।
- Export House को व्यवस्थालाई कार्यान्वयन गरिनु पर्ने ।
- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशालाहरुको स्थापना गर्न निजी क्षेत्रको Accredited Lab हरुको प्रवर्द्धन गर्ने ।
- सामूहिक चिन्ह अन्तराष्ट्रिय क्षेत्रमा दर्ता तथा प्रचार प्रसारमा सहयोग ।
- आयात प्रतिस्थापन एवं आन्तरिक उत्पादन बृद्धि गर्न Ancillary उद्योग लाई प्रोत्साहन एवं बिस्तार गरिनु पर्ने । खरिदकर्ता उद्योगलाई स्वदेशी उत्पादन प्रयोग गरेवापत अनुदान प्रदान गर्ने व्यवस्था हुनुपर्ने ।

# ३. व्यापार

- भन्सार मूल्यांकन गर्दा कारोवार मूल्यलाई मान्यता दिइनुपर्ने । शंका लागेमा १० प्रतिशत थपगरी भन्सार विभागले नै मालबस्तु खरिद गर्नु पर्ने ।
- सन्दर्भ पुस्तिका खारेज गरिनु पर्ने ।
- वर्गिकरण सम्बन्धी विवाद समाधान गर्न निजी क्षेत्रको समेत प्रतिनिधित्व हुनेगरी समिति गठन गरिनुपर्ने ।
- प्रमुख भन्सार नाकमा ICP को निर्माण गरिनु पर्ने ।
- GST का बिलहरु प्रमाणिकरण गर्न सक्ने व्यवस्थाको लागि कुटनीतिक पहल गरिनुपर्ने ।
- सुन, चाँदीको पैठारी कोटा बृद्धि गरिनु पर्ने तथा व्यवसायीहरुले समेत सुन चाँदीको पैठारी गर्न पाउने व्यवस्था हुनुपर्ने ।

# ३. व्यापार

- काठमाडौं बाहिरका सुन व्यवसायिहरुले आफ्नै क्षेत्रको नेपाल राष्ट्र बैंकको शाखाहरुबाट समेत सुन खरिद गर्न सक्ने व्यवस्था हुनुपर्ने ।

- तातोपानी नाकहरुलाई पुनः संचालनमा ल्याउनु पर्ने । साथै, केरुङ नाकाको पूर्वाधारहरुको स्तरोउन्नति हुनुपर्ने ।

# ४. सेवा

पर्यटन :

- पर्यटनका नयाँ गन्तव्य, धार्मिक पर्यटन, विदेशीहरुको बैवाहिक कार्यक्रम जस्ता नयाँ क्षेत्रहरुको प्रचार प्रशार प्रवर्द्धन गरिनुपर्ने ।
- त्रिभुवन विमानस्थलमा आन्तरिक उडानहरुको दवाव कम गर्न काठमाडौं, मुग्लिन, पोखरा एवं चितवन राजमार्गलाई स्थर बृद्धि तथा चाँडो पुरा गरिनुपर्ने ।
- आन्तरिक उडानको लागि छुट्टै बैकल्पीक विमानस्थलको व्यवस्था गरिनु पर्ने ।
- नेपालगंजलाई दिल्ली, लखनउ विमानस्थलहरुबाट जोड्नेगरी अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत गरिनुपर्ने । (मानसरोबर)

# ४. सेवा

शिक्षा तथा स्वास्थ्य :

- शिक्षा तथा स्वास्थ्य क्षेत्र उदार अर्थ नीतिको भावना अनुसार निर्वाध संचालन हुनुपर्ने ।
- प्राविधिक शिक्षा तथा तालिमलाई उद्योग संग जोड्नु पर्ने ।
- सो कालागि देशका विभिन्न स्थानमा इलम प्रशिक्षण केन्द्र (Vocational Training) स्थापना गरिनु पर्ने । स्थापना गरिएका इलम प्रशिक्षण केन्द्रलाई स्तरउन्नति गर्नु पर्ने ।
- Technical SLC तथा प्रमाणपत्र तह लाई पुनःसंचालन गरिनु पर्ने ।

# ४. सेवा

सूचना प्रविधी :

- Digital Signature लाई कार्यान्वयनमा ल्याइनु पर्ने ।
- Payment Gate Way सहजिकरण गरिनुपर्ने ।
- E-Commerce लाई बृद्धि गरिनुपर्ने ।

# ५. कृषि

- Cost benefit को आधारमा ODOP & OVOP संग मेल खाने गरी उत्पादन प्रवर्द्धन गरिनुपर्ने ।
- Commercial farming लाई विकास गरिनुपर्ने ।
- Commercial Farming मा करहरु नलाग्ने व्यवस्था हुनु पर्ने ।
- कृषिजन्य वस्तुको प्रशोधन गर्ने उद्योग तथा व्यवसायिक कृषिमा समेत सहुलियत ऋण पाउने व्यवस्थाको विस्तार हुनु पर्ने र यसको प्रभावकारी कार्यान्वयन हुनुपर्ने तथा प्रक्रियागत सरलिकरण हुनु पर्ने ।
- ४० प्रतिशत भूभाग ओगटेको वन क्षेत्रलाई राजस्वको ठूलो श्रोतको रुपमा विकास गर्न Commercialization हुन जरुरी ।

# ५. कृषि

- भन्सार परिसरमै प्रयोगशाला, क्वरेन्टाइन, बैंक लगायतका अन्य पूर्वाधार निर्माण गरिनु पर्ने ।

# ६. उर्जा

उर्जा स्वेत पत्रको लक्ष्य पुरागर्न :

- एक द्वार प्राणाली मार्फत सहजिकरण गर्ने ।
- जलबिद्युतमा मू.अ. कर फिर्ता वा शुन्य दरमा मू.अ. कर दर्ता ।
- Post dated rate । (वि.स. २०७१ चैत्र सम्म सम्पन्न)
- उर्जामा १५ प्रतिशत अनिवार्य सहुलियत कर्जा लगानी ।

# ७. संघीयतामा कर प्रशासन

- संघीय राज्य तथा स्थानीय सरकारले लागु गर्ने कर प्रणालीमा
  - दोहोरो कर नलाग्ने
  - Cost of Doing Business नबढ्ने प्रत्याभूति हुनु पर्ने ।
- ठूला करदाता कार्यालयको कार्यलयको शाखाहरु विभिन्न क्षेत्रमा स्थापना गर्नु पर्ने ।
- साना करदाताहरु तथा लक्ष्य तोकी नयां करदाताहरु दर्ता गर्न करदाता सेवा कार्यालयहरु विभिन्न क्षेत्रमा खोलिनुपर्ने ।

# ८. कर तथा राजस्व

- प्राकृतिक व्यक्तिको कर छुटको सीमा समय सापेक्ष बृद्धि गरिनु पर्ने ।
- जीवन बीमा प्रिमियमको खर्च लेख्न पाउने रकम बृद्धि गरिनु पर्ने ।
- निजी क्षेत्रको समेत प्रतिनिधत्व हुनेगरी स्थायी स्वरुपको केन्द्रीय राजस्व बोर्डको गठन गरिनु पर्ने । सो बोर्डबाट राजस्व सम्बन्धि विवादहरु समेत छिनोफाने हुने व्यवस्था हुनुपर्ने ।
- औषधी उत्पादन गर्ने उद्योगहरुलाई शून्य दरमा मूल्य अभिबृद्धि करमा दर्ता हुन सक्ने व्यवस्था हुनुपर्ने ।
- राजस्वमा गैर कर राजस्वको हिस्सा बढाउनु पर्ने ।

# ८. कर तथा राजस्व

- कारोवार करमा रु २० लाख सम्म रु ५,००० पूर्वानुमानित कर र रु २० लाख भन्दा बढि कारोवारमा मात्र ०.७५ प्रतिशतले कारोवार कर लाग्ने व्यवस्था हुनु पर्ने ।
- व्यवसायिक कारोवारबाट प्रोप्राइटरसिप फर्मले आयआर्जन गरेको अवस्थामा अतिरिक्त कर ४० प्रतिशत लाग्ने व्यवस्थाले प्रोपराइटरसिप फर्म र निकायको करदातामा असमान व्यहार हुनजाने भएकोले यस्तो ४० प्रतिशत अतिरिक्तकर प्रोप्राराइटर फर्म खोलि व्यवसायिक कारोवार गर्नेलाई पनि नलाग्ने गरी स्पष्ट गरिनु पर्ने ।

# ८. कर तथा राजस्व

- मूल्य अभिवृद्धि कर माफी भएका वस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा दर्ता गर्न पाउने व्यवस्था हुनु पर्ने ।
- हाल मूल्य अभिवृद्धि कर फिर्ता दिने गरेको व्यवस्थालाई स्वदेशी उत्पादनको हकमा निरन्तरता दिनु पर्ने ।

# ९. कर सम्बन्धी न्यायिक प्रणाली

- राजस्व सम्बन्धी विवाद समाधान गर्नका लागि स्थायी प्रकृतिको विवाद समाधानको संयन्त्र गठन गरिनु पर्ने ।

- कर परिक्षण गर्दा नियतवश गलत निर्णय गर्ने संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्ने ।

- विभिन्न १४ वटा सरकारी निकायहरुबाट छानविन हुने गरेकोमा कुनै एक निकायबाट निश्चित विधी अपनाई हुनु पर्ने ।

- आर्थिक कसुरमा समेत फौजदारी कसुर लगाउन नहुने ।

*क्रमश...*

# ९. कर सम्बन्धी न्यायिक प्रणाली

- राजस्व न्यायाधीकरणमा कर अधिकृत सदस्यको रुपमा रहदा निष्पक्षतामा आशंका हुने भएकोले स्वतन्त्र व्यक्ति नियुक्त हुने व्यवस्था हुनु पर्ने ।
- कर अधिकृतले गरेको निर्णय विरुद्ध प्रशासनिक पुनरावलोकनका लागि निवेदन दिंदा ३३ प्रतिशत नगद धरौटी र राजस्व न्यायाधीकरणमा पुनरावेदन गर्दा ५० प्रतिशत नगद धरौटी राख्नु नपर्ने व्यवस्था हुनुपर्ने

कर सम्बन्धि विवादलाई छिटो छरितो छिनोफानो गर्न :

- राजस्व न्यायाधीकरणले गरेको फैसला उपर कर कार्यालयहरु सर्वच्च अदालतमा पुनरावेदनमा जाने व्यवस्था अन्त्य हुनुपर्ने ।
- सर्वच्चअदालतबाट कर सम्बन्धी फैसलाहरुलाई नजीरको रुपमा ग्राहय गरिनु पर्ने ।

“स्वच्छ प्रशासन स्वच्छ व्यवसाय”

धन्यवाद !